**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २६ जून २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. भाजपा का संसद ओम बिरला आज १८ औ लोकसभा अध्यक्ष निर्वाचित हुनुभएको छ स

२. आउदो १ जुलाई देखि देशभरि नयाँ आपराधिक कानुन लागू हुने भएको छ।

३. दार्जीलिंग का लोकसभा सांसद एव भाजपा का राष्ट्रिय प्रवक्ता राजु बिस्टले आज केन्द्रीय गृहमन्त्री अमित शाहसित भेटघाट गर्नुहुदै टिस्टा नदीको भयावह स्थिति बारे अवगत गराउनु भएको छ।

४. गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन बागवानी विभाग मार्फत मिरिक क्षेत्रका कृषकहरूलाई आवश्यक सामग्रीहरु वितरण गरेको छ।

**नया लोकसभा अध्यक्ष**

भाजपा सांसद ओम बिरला आज 18 औ लोकसभाको अध्यक्ष निर्वाचित हुनु भएको छ। उहाँलाई ध्वनिमतले लोक सभा अध्यक्ष निर्वाचित गरियो। श्री बिरला १७ औ लोकसभा को पनि अध्यक्ष हुनुहुन्थ्यो। विपक्षले यस पदको लागि कांग्रेस सांसद के. सुरेशलाई आफ्नो उम्मेद्वार बनाइएको थियो। आफ्नो संबोधनमा श्री ओम बिरलाले पुनः सदनको अध्यक्षको रूपमा काम गर्ने अवसर प्रदान गर्नका लागि सदनको सबै सदस्यहरुलाई धन्यवाद दिनु भयो। उहाँले भन्नुभयो कि संसदीय मूल्य अनि लोकतांत्रिक परंपराहरुलाई समृद्ध पार्न उहाँको प्राथमिकता हुनेछ। श्री बिरलाले विगत दशकमा मानिसहरुको अपेक्षाए आशा अनि आकांक्षाहरु बढ़ेको तथा मानिसहरुका आकांक्षाहरुलाई प्रभावी रुपमा पुरा गर्नका लागि सामूहिक प्रयास गर्ने सांसदहरुको जिम्मेदारी रहेको बताउनु भयो।

यस अघि प्रधानमंत्री मोदीले श्री बिरलालाई उहाँको निर्वाचनमा बधाई दिनुहुँदै भन्नुभयो कि श्री बिरला दूसरी पटक निर्वाचित हुनुभएर आज इतिहास बनेको छ। प्रधान मंत्रीले भन्नुभयो कि सदन आगामी पांच वर्षमा क्षी बिरलाको मार्गदर्शनमा काम गर्नेछ। उहाँले भन्नुभयो कि सांसदको रूपमा श्री बिरलाको कार्य नयाँ सदस्यहरुका लागि प्रेरणास्रोत हुनेछ। विपक्षको नेता राहुल गांधीले श्री बिरलालाई बधाई दिनुहुँदै भन्नुभयो कि यस सदनले मानिसहरुको आकांक्षाहरुको प्रतिनिधित्व गर्दछ। उहाँले श्री बिरलालाई सदनको सुचारू संचालनमा विपक्षको सहयोगको आश्वासन पनि दिनुभयो। यस्तै प्रकारले विभिन्न पार्टीका नेतागण तथा राज्यहरुका मुख्यमंत्रीहरुले श्री बिरलालाई पुनः लोक सभा अध्यक्ष निर्वाचित हुनुभएकोमा बधाई एवं शुभकामना दिएका छन्।

****** ० ******

**जयशंकर.म्यांमा विदेश मंत्री**

विदेश मंत्री डॉण सुब्रह्मण्यम जयशंकरले आज म्यांमाको विदेश मंत्रीसित भारतीय सीमामा म्यांमामा जारी हिंसा अनि अस्थिरता माथि भारतको गहिरो चिंतालाई लिएर चर्चा गर्नुभयो। डॉण जयशंकरले आज म्यांमाको उपप्रधानमंत्री अनि विदेश मंत्री यू थान श्वे सित नयाँ दिल्लीमा भेटवार्ता गर्नुभयो। डॉण जयशंकरले भारत यस स्थितिसित जुझ्नमा सबै हितधारकहरुलाई शामेल गर्न इच्छुक रहेको बताउनुभयो। एउटा सोशल मीडिया पोस्टमा डॉण जयशंकरले भन्नुभयो कि उहाँले विशेषरूपले मादक पदार्थए हथियारहरुको तस्करी अनि मानव तस्करी जस्ता चुनौतीहरुलाई प्राथमिकता दिनु हुँदछ। उहाँले म्यांमाको मयावाडीमा फँसेका भारतीय नागरिकहरुलाई शीघ्र फर्काई ल्याउनमा सहयोग गर्ने इच्छा व्यक्त पनि गर्नुभयो। डॉण जयशंकरले देशमा भारतको चलिरहेको परियोजनाहरुका लागि विश्वसनीय सुरक्षा संरक्षणमाथि पनि बल दिनुभयो। श्री जयशंकरले म्यांमामा लोकतंत्र तत्काल फर्की आउने कामना पनि गर्नुभयो। उहाँले यस मामलामा भारतले कुनै पनि प्रकारको सहायता दिनको लागि तैयार रहेको पनि बताउनुभयो।

****** ० ******

नयाँ आपराधिक कानुन

आउदो १ जुलाई देखि देशभरि  नयाँ आपराधिक कानुन लागू हुने भएको छ। यसको कार्यान्वयन पछि भारतीय दण्ड संहिता अर्थात् आई.पी.सी.लाई भारतीय न्याय संहिता २०२३ए आपराधिक प्रक्रिया संहिता अर्थात् सी.आर.पी.सी.लाई भारतीय नागरिक सुरक्षा संहिता २०२३ र भारतीय प्रमाण ऐनको स्थामा भारतीय साक्ष्य ऐन २०२३ लागु हुनेछ स नयाँ आपराधिक कानुनले जनतालाई छिटो न्याय दिलाउनेछ। यसका लागि सम्पूर्ण प्रक्रियामा नयाँ–नयाँ तकनिकी समावेश गरिएको छ।

****** ० ******

**केन्द्रीय गृहमन्त्री अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले ओम बिरलालाई लोकसभा अध्यक्ष पुनः निर्वाचित हुनु भएकोमा बधाई दिनुभएको छ । श्री शाहले एक सामाजिक सञ्जालमा भन्नुभएको छ - ए श्संसदीय लोकतन्त्रलाई मजबुत बनाउन श्री बिडलाको अनुकरणीय प्रतिबद्धताले भारतीय संविधानको महिमा र यसमा निहित मूल्य-मान्यतालाई अझ मजबुत बनाउनेछ।श्री शाहले श्री बिड़लालाई उहाको आगामी कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभएको छ।

****** ० ******

**नीट पेपर लिक -कोलकाता**

देशको चर्चित नीट पेपर लीक मामिलाको सम्बन्ध अन्ततः कोलकातासित पनि जोड़िएको छ। पुलिसले आज कोलकाता स्थित एक शैक्षणिक संस्थानसित जोड़िएको एक व्यक्तिलाई पक्राउ गरेको छ। व्यक्तिमाथि एक छात्रको आमा-बाबूबाट पैसा लिएको र नीट मेरिट लिस्टमा ठाउँ दिलाउने वाचा गरेको आरोप छ।
पुलिस अधिकारीले-ए शेक्सपियर सरणी पुलिस स्टेशनमा दर्ता नालिसको आधारमा मंगलबार राति आरोपीलाई पक्राउ गरेको जानकारी दिएको छ। आरोपीले छात्रलाई कोलकाताको एक मेडिकल कलेजमा सीट दिलाउने पनि आश्वासन दिएको थियो। यद्यपिए पुलिसले अहिले उसको नामको खुलासा गरेको छैन।
अधिकारीले अझ भनेको छ -, छात्रको बाबूले आफ्नो नालिसमा उनले यस डीलको निम्ति आरोपीलाई १२ लाख रूपियाँमध्ये पाँच लाख रूपियाँ भुकतान सरिसकेको दाबी गरेका छन्। आरोपी माथि भारतीय दण्ड संहिताका विभिन्न धाराहरू अन्तर्गत मामिला दर्ता गरिएको छ।

****** ० ******

**कोलकाता अतिक्रमण**

पश्चिम बंगालका सड़कहरूमा फुटपाथ औ अन्य सरकारी जमीनहरूमा कब्जा गर्नेहरूविरूद्ध कारबाही गर्ने मुख्यमन्त्री ममता ब्यनर्जीको कठोर निर्देशपछि कोलकातामा पुलिस सक्रिय भएको छ। बुलडोजर लिएर पुलिस सड़कहरूमा उत्रेको छ अनि फुटपाथमा अवैध ढंगमा कब्जा गरेर बनाइएका पसल आदिलाई भत्काइरहेको छ।
बितेका दुई दिनदेखिको सल्टलेकए न्यू टाउन लगायत कोलकाताका कतिपय क्षेत्रहरूमा फुटपाथलाई कब्जामुक्त बनाउनको लागि अभियान चलाइएको छ। यद्यपि, अल्पसंख्यक समुदायका मानिसहरूले अवैध ढंगमा कब्जा गरेका क्षेत्रहरूमा भने पुलिसले कुनै प्रकारको कारबाही गरेको छैन।
आज राजधानी कोलकाताका बेहलाए अलिपुर समेत अन्य इलाकाहरूमा फुटपाथमाथि कब्जा गर्नेहरूविरूद्ध बुलडोजर चलाइएको छ। न्यू टाउनमा पनि यस्तै अभियान संचालन गरिएको छए तर धर्मतल्लामा भने पुलिसले कुनै कारबाही गरेको देखिएको छैन। यस सम्बन्धमा बुधवार कोलकाता पुलिस आयुक्त विनीत गोयलले ए मुख्यमन्त्रीले जुन-जुन ठाउँमा कब्जा भएको उल्लेख गरेकी थिइन् ती सबै स्थानहरूलाई अवैध कब्जादेखि मुक्त गरिँदै आएको जानकारी दिनुभएको छ।

****** ० ******

**राजु बिस्ट -गृहमन्त्री भेट**

दार्जीलिंग का लोकसभा सांसद एव भाजपा का राष्ट्रिय प्रवक्ता राजु बिस्टले आज केन्द्रीय गृहमन्त्री अमित शाहसिट भेटघाट गर्नुहुदै टिस्टा नदीको किनारमा बसोबास गर्ने मानिसहरूले सामना गर्नु परिरहेको भयावह स्थितिको बारेमा अवगत गराउनु भएको छ। संसद श्री बिस्टले बाढीको अवस्थाबारे केन्द्रीय गृहमन्त्रीलाई जानकारी दिनुहुदै बिगत अक्टोबर २०२३ को आकस्मिक बाढी पछि पश्चिम बङ्गाल सरकारले कुनै कदम नचालेका कारण टिस्टा नदीको छेउछाउको अवस्था विकराल बन्दै गएको बताउनुभएको छ स उहाले सन् २०२३ को अक्टोबरमा आएको बाढीका कारण प्रभावित दार्जिलिङ र कालिम्पोङ जिल्लाका लगभग ४ सय परिवार अहिले टिस्टा नदीको बढ्दो बहावका कारण थप विस्थापनको सामना गरिरहेका बताउनु भएको छ । गृहमन्त्री समक्ष कालिम्पोङ र सिक्किमको सीमावर्ती क्षेत्रहरू जोड्ने पश्चिम बंगाल पीडब्ल्यूडीको एन.एच डिभिजन अन्तर्गत एनएच-१० का खण्डहरू ठीक नभएको कारण नियमित शट-डाउनहरू भइरहेको बारे पनि अवगत गराउनु भएको श्री बिस्टले जानकारी दिनुभएको छ। उहाले केन्द्रीय गृह मन्त्रालयबाट टिस्टा नदीको किनारमा बसोबास गर्ने मानिसहरूले सामना गरिरहेको गम्भीर खतराको जाँच गर्न र उनीहरूको भविष्य सुनिश्चित गर्न आवश्यक कदम चाल्न केन्द्रीय टोली तैनाथ गर्ने माग गर्नुभएको छ स श्री बिस्टले -केन्द्रीय गृहमन्त्री अमित शाहले केन्द्र सरकारले स्थितिको समीक्षा गरिरहेको र सबै आवश्यक सहयोग प्रदान गरिने आश्वासन दिनुभएको बताउनुभएको छ।

****** ० ******

**मौसम-बंगाल**

महानगर कोलकाता समेत राज्यका अन्य भागहरुमा हाल हल्का वर्षा को क्रम जारी रहने छ। यद्धपी यसको साथै गर्मी पनि जारी रहनेछ। अलीपुर स्थित मौसम विभागको क्षेत्रीय मुख्यालयको तर्फबाट जारी बयानमा भनिएको छ कि कोलकातामा न्यूनतम तापमान सामान्य देखि तीन डिग्री अधिक २९०४ डिग्री सेल्सियस अनि अधिकतम तापमान सामान्य भन्दा तीन डिग्री अधिक ३५०६ डिग्री सेल्सियस रिकार्ड गरिएको छ। कोलकाता बाहेक हावड़ाए हुगलीए उत्तर अनि दक्षिण २४ परगनाए पूर्व अनि पश्चिम मेदिनीपुरए पुरुलियाए बांकुड़ा समेत राज्यका अन्य भागहरुमा तापमान २६ देखि ३५ डिग्री सेल्सियस बीच बनी रहने अनुमान मौसम विभागले व्यक्त गरेको छ। यसको साथै आकाशमा बादल बनी रहन साथै दिनभरी रोकिन्दै हल्का वर्षा हुनसक्नेछ। उत्तर बंगालको अलीपुरद्वारए कूचबिहारए जलपाईगुड़ीए दार्जिलिंग अनि कलिमपोंगमा पनि दिन भरी रोकिन्दै वर्षा हुने आशंका मौसम विभागके व्यक्त गरेको छ।

****** ० ******

सिलगडी -जागरुगता रैली

अन्तरराष्ट्रिय नशा विरोधी दिवसको अवसरमा सिलगढ़ी मेट्रोपोलिटन पुलिस अन्तर्गत सबै थानाद्वारा भिन्न-भिन्न रूपमा जागरूकता ऱ्याली आयोजना गरियो। यस नशा विरोधी जागरूकता ऱ्यालीमा सिलगढ़ी पुलिस कमिश्नर सी.सुधाकर पनि सामेल भए। ऱ्यालीमा विभिन्न विद्यालयका विद्यार्थीहरू सहित स्वंय सेवी संस्थाहरूले हात-हातमा प्ले कार्ड बोकेर लागु पदार्थको विषयमा समाजलाई जागरूक गराए।सिलगढ़ी पुलिस कमिश्नर सी. सुधाकरले अन्तरराष्ट्रिय नशा विरोधी दिवसको अवसरमा ऱ्यालीको माध्यमबाट समाजका मानिसहरूसँग-सँगै स्कूल-कलेजका नानीहरूलाई नशाप्रति जागरूक गराइएको जानकारी दिनुभएको छ स

****** ० ******

**मिरिक – सामग्री वितरण**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन बागवानी विभाग मार्फत मिरिक क्षेत्रका पचासी जना कृषकहरूलाई आज पोली हाउस निर्माण को लागी चाहिने आवश्यक सामग्रीहरु वितरण गरेको छ स स्थानीय कृषकहरुलाई बागवानीप्रति प्रोत्साहित गर्ने उदेश्य राखेर मिरिक महकुमा शासक कार्यालय परिसरमा कृषकहरूलाई मिरिक महकुमा शासक प्रियङ्का सिहंएमिरिक खण्ड विकास अधिकारी

श्रेयाश्री माइतीए  कृषि सह निर्देशिका विभूती रिजालए  जीटीए बागवानी  विभागका मनोनित  सभासद प्रणाम रसाइलीएमिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राईएको बाहुलीबाट सामग्री वितरण गरिएको जानकारी प्राप्त भएको छ ।